नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
( ................................................................ शाखा)

फोन नं. : ४२२०८५०
: ४२२०९१२
: ४२२७९२६
फ्याक्स नं. : ४२२७६७५

पत्र संख्या : -
चलानी नं. : -

पो.ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email : info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

# प्रेस विज्ञप्ति

यहि ९-११ अप्रिल २०२३ मा भारतले बाघ संरक्षण आयोजना शुरु गरेको ५०औं वर्षगाँठ अर्थात स्वर्ण जयन्ती भारतीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीज्यूको प्रमुख आतिथ्यतामा भब्यताका साथ सम्पन्न भएको छ। उक्त कार्यक्रममा नेपालको तर्फबाट सम्माननीय प्रधानमन्त्री एवं वन तथा वातावरण मन्त्रीज्यूको विशेष दूतका रूपमा माननीय उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री शक्ति बहादुर बस्नेतको नेतृत्वमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. महेश्वर ढकाल लगायतको प्रतिनिधि मण्डलेले भाग लिएको थियो।

उक्त अवसरमा भारत सरकारले ठूला विराला प्रजातीहरू (Big Cats) को संरक्षण गर्ने र उक्त प्रजातीहरूको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण गर्ने उद्देश्यले विश्वका ९७ (सन्तानब्बे) राष्ट्रलाई एउटै कार्यक्रममा आवद्ध गर्न International Big Cats Alliance को घोषणा गरेको छ। उक्त कार्यक्रमलाई ५ वर्षसम्म सञ्चालन गर्नका लागी भारत सरकारले १०० मिलियन अमेरिकी डलर खर्च गर्ने प्रस्ताव समेत अगाडी सारेको छ।

उक्त अवसरमा भाग लिंदै सम्माननीय प्रधानमन्त्रीका विशेष दूतका रूपमा माननीय मन्त्री शक्ति बहादुर बस्नेतले नेपाल सरकारको तर्फबाट International Big Cats Alliance को नेपाल संस्थापक सदस्य हुने पत्र भारतका पर्यावरण, वन तथा जलवायू परिवर्तन माननीय मन्त्री श्री भूपेन्द्र यादवलाई हस्तान्तरण गर्नु भएको थियो। साथै सो अवसरमा माननीय मन्त्री बस्नेतले नेपालको धारणा राख्दै नेपाल सरकारले स्थानीय समुदाय, सुरक्षा निकाय र संरक्षण साझेदार संस्थाहरूसंग मिलेर साझेदारीमा काम गरेको परिणाम स्वरूप सन् २०१० मा १२१ वटा रहेको बाघको संख्या बढेर सन २०२२ मा ३५५ पुग्न सफल भएको जानकारी गराउनु भएको थियो। साथै मन्त्री बस्नेतले आगामी दिनमा बाघ संरक्षण गर्नको निमित्त बाघ पाइने देश र अन्तर्राष्ट्रिय समुदायलाई स्थानीय समुदायको जीविकोपार्जन कार्यक्रममा सहयोग गर्ने गरी नविनतम कार्यक्रम र बजेट तर्जुमा गर्न आव्हान समेत गर्नु भएको थियो।

तीन दिन सम्म चलेको उक्त सम्मेलनमा बाघ संरक्षणलाई एउटा संस्कृतिको रूपमा विकास गर्न, मानव वन्यजन्तु द्वन्द घटाउन र वन्यजन्तु तथा संरक्षित क्षेत्र व्यवस्थापनलाई पर्यापर्यटन मार्फत आर्थिक उपार्जन गर्नेगरी विभिन्न कार्यपत्रहरूमा छलफल समेत भएको थियो। विकास र वातावरणलाई संगसंगै लिएर जान दिगो विकासका लक्ष्यहरू प्राप्त गर्नको लागी र जलवायू जन्य जोखिमबाट वन्यजन्तुहरूको अनुकूलित क्षमता विकास गर्न समाजका सबै आयामहरूलाई संरक्षणमा सहभागिता गराउन जोड दिईएको थियो।

उक्त कार्यक्रममा नेपाल लगायत अर्मेनिया, बंगलादेश, भुटान, थाइल्याण्ड, मलेसिया, भियतनाम, क्याम्बोडिया, लाओस, केन्या, सुरिनाम, तान्जानिया, इथियोपिया, नाइजेरिया लगायतका देशका मन्त्री तथा प्रतिनिधिले भाग लिएका थिए।

मितिः २०७९।१२।२९

अजय कार्की
उप-महानिर्देशक/प्रवक्ता